### तपाईंको बच्चा अनुपस्थित हुँदा, *कृपया:*

1. स्कूललाई फोन गरेर अनुपस्थिति बारे जानकारी गराउनुहोस्।
2. शिक्षकलाई अनुपस्थितिको विवरण सहितको नोट पठाउनुहोस्।
3. बच्चा बिरामी भएर तपाईंले उसलाई डाक्टरको यहाँ लानुभयो भने डाक्टरलाई एउटा नोट लेख्न लगाउनुहोस् र उक्त नोट स्कूललाई उपलब्ध गराउनुहोस्। चिकित्सकको नोटमा अनुपस्थितिको कारण लेखेको हुन्छ - तर त्यसबाट ***माफी पाइनेछैन***।
4. स्कूलबाट अनुपस्थित भएकोले शिक्षाबाट वंचित भएको समयको परिपूर्ति गर्नको लागि तपाईंको छोरा/छोरीले घरमै कुन काम गर्नसक्छ भन्ने कुरा विचार गर्नुहोला।
5. तपाईंले अरु कुनै कामपनि गर्नुपर्ने हो कि होइन भन्ने कुरा निधो गर्नको लागि आफ्नो स्कूललाई सोध्नुहोला।

### स्कूलका हाजिरी मार्गदर्शनहरू मासाचुसेट्स सामान्य कानूनमा आधारित छन्

*निम्नलिखित सामग्री कानून तथा वर्स्टर पब्लिक स्कूल्स का नीतिहरूको सारांश हो:*

- स्कूलमा दिनदिनै हाजिर रहने राम्रो बानी बन्ने सुरुवात प्रिस्कूल तथा किन्डरगार्टनबाट हुन्छ।
- समयमै र दिनदिनै स्कूल पुग्ने कुरा महत्वपूर्ण हो भन्ने कुरा बालबालिकाहरूले त्यति बेला नै सिक्छन्।
- राज्य कानूनबमोजिम 6 देखि 16 वर्ष उमेर बीचका बच्चाबच्चीहरूलाई स्कूलमा **अवश्य** पठाउनुपर्छ।
- बच्चा सात पटकसम्म गैर-हाजिर भयो भने, आमाबुवा/अभिभावकको विरोधमा बच्चालाई स्कूल पठाउन नसकेको आरोपमा अदालतमा उजुरी दायर हुनसक्छ।
- तिन महिनाभित्र बच्चाआठ पटक गैर-हाजिर भयो भने, अनुमति बिना स्कूल नआएको आरोपमा बच्चाविरुद्ध उजुरी दायर हुनसक्छ।
- विद्यार्थी चौध पटक गैर-हाजिर भयो भने, त्यसले कक्षामा क्रेडिट र स्कूलले बेहोरिरहेको जोखिम गुमाउन सक्छ।

वर्स्टर पब्लिक स्कूल एउटा समान अवसर/सकारात्मक कदम रोजगारदाता/शैक्षिक संस्थान हो र यसले जाति, वर्ण, लिङ्ग, उमेर, धर्म, राष्ट्रिय मूल, लैंगिक पहिचान, वैवाहिक स्थिति, यौन झुकाव, अपाङ्गता वा घरविहीनताको आधारमा कुनै भेदभाव गर्दैन। वर्स्टर पब्लिक स्कूलहरूले रोजगारका लागि समान पहुँच र पूर्णतया सामान्य, पेसेवर र व्यावसायिक शिक्षा कार्यक्रमहरू उपलब्ध गराउँछ। समान अवसरअवसर/सकारात्मक कदमसँग सम्बन्धित थप जानकारीका लागि मानव संसाधन मैनेजरलाई यहाँ संपर्क गर्नुहोला- 20 Irving Street, Worcester, MA 01609, 508-799-3020।

# वर्स्टर पब्लिक स्कूल्स K ~ 12




## स्कूल जाऔं ल!

Attendance Matters
...every school day counts!

www.worcesterschools.org

***विद्यार्थीको सफलताको लागि उ स्कूलमा सधैं हाजिर रहनुपर्छ!***

***आफ्नो बच्चालाई बाल्यकालमै दिनदिनै स्कूलमा हाजिर हुने राम्रो बानी बसालेर स्कूलमा सफल हुने लक्ष्य पाउन उसको मद्दत गर्नुहोस्!***

***स्कूलमा दिनदिनै हाजिर भएरमात्र स्कूले जीवनमा सफलता पाउन सकिन्छ!***

## के तपाईंलाई थाहा थियो?

- स्कूलमा नियमित हाजिरीले बालबालिकाहरूलाई स्कूल - र आफूँबारे राम्रो महसुस गराउन मद्दत गर्छ।
- अनुसंधानले देखाउंछ कि जति छिटो बाबुनानीले यो कुरा बुझ्छन् कि स्कूल जाने उनीहरूको काम हो र उनीहरूले धैरै महत्वपूर्ण काम गर्नुछ, त्यतिनै धैरै सफल उनीहरू आफ्नो शिक्षामा हुने गर्छन्।
- सधैं हाजिर भएदेखि बाबुनानीहरूलाई हाई स्कूल, कलेज र आफ्नो काममा राम्रो प्रदर्शन गर्न मद्दत हुन्छ।
- स्कूलमा ढिलो पुगेदेखि हाजिरी कम रहनसक्छ र सिक्ने अवसरहरू गुम्न सक्छ।
- बाबुनानीहरू आफ्नो बिहानीको नियमित काममा लाग्नेबित्तिकै त्यसै क्षणमा सिक्ने काम शुरु हुन्छ। कुनै बच्चा स्कूलमा यदि, एक-दुई मिनेटपनि ढिलो पुग्छ भने, सिक्ने काममा बाधा पुग्छ।
- विद्यार्थीहरूले प्रत्येक हप्ता-दुई हप्तामा एक वा दुईदिन छुटाएदेखि तिनीहरू झन् पछाडि पर्न सक्छन्।
- स्कूलमा हाजिरी धैरै कम भयो (स्कूलमा 10 प्रतिशत गैर-हाजिर) भने बाबुनानीलाई लेखेको कुरा पढ्न सिक्ने काममा गाह्रो पर्छ।
- एक महिनामा दुईपटक गैर-हाजिर = एक वर्षमा 20 पटक गैर-हाजिर। यदि कोही बाबुनानी प्रत्येक वर्ष 18 दिन गैर-हाजिर हुन्छ भने, ग्रेड 9 पुरा गर्दासम्म, त्यसले स्कूलको ***एक वर्ष पूरै गुमाई सकेको हुन्छ!***

## स्कूलमा सही समयमा हाजिर हुने समय तालिका बनाउनको लागि बच्चालाई मद्दत गर्ने तरिकाहरू:

- नियमित सुत्ने र बिहानीको समयतालिका तयार गर्नुहोस्।
- स्कूल जाने लुगा र ब्याकप्याकहरू एक राति पहिलानै तयार गर्नुहोस्।
- प्रतिदिन स्कूलमा बिहानी खाजा खुवाइन्छ, विद्यार्थीहरूले बिहानको राम्रोसँग खाएदेखि उनीहरू सिक्न तयार हुन्छन्।
- स्कूलको महत्व बारेमा बाबुनानीहरूसँग कुरा गर्नुहोस्।
- प्रतिदिन आफ्नो बाबुनानीहरूलाई सोध्नुहोस् कि उनीहरूले आजको दिन स्कूलमा के गरे रत्यस कुराकानीलाई विस्तृत र सकारात्मक बनाउनुहोस्।
- तपाईंको बच्चा साँच्चिकै बिरामी छैन भने उसलाई घरमा बस्न नदिनुहोस् ।
- यदि तपाईंको बच्चा स्कूल जान भनेपछि चिंतित देखिन्छ भने त्यसलाई सिक्ने प्रक्रियाबारे सहज र आकर्षित कसरी महसुस गराउने बारे सल्लाह लिनको लागि शिक्षक, स्कूलको समायोजन परामर्शदाता वा अन्य अभिभावकहरूसँग कुराकानी गर्नुहोस्।
- बाबुनानीलाई स्कूल जान समस्या भएपछि त्यसलाई स्कूल लानको लागि वैकल्पिक योजनाहरू तयार पार्नुहोस्। परिवारको कुनै सदस्य, छिमेकी अथवा अरु कुनै अभिभावकलाई बोलाउनुहोस्।
- स्कूलको सत्र चल्ने बेलामा डाक्टरबाट अपोइंटमेंट नलिनुहोला र लामो दूरीको यात्रा नगर्नुहोला।